# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
(डोर मुकाम, पांचथर)
अ.छा.बे.

Phone: 4262381
4262415
4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाण्डौ, नेपाल
Babarmahal, Kathmandu Nepal


प.सं.२०७२/७३ मिति २०७२/०५/२२
च.नं.–

**विषय: लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री स्थानीय विकास अधिकारीज्यू,
जिल्ला विकास समितिको कार्यालय, पांचथर

त्यस कार्यालयको आर्थिक वर्ष २०७१/७२ को राजस्व/धरौटी/विनियोजन र अन्य कारोवारको आर्थिक विवरण तथा सो सँग सम्वन्धित पेश भए सम्मको लेखाको परीक्षण सम्पन्न गरी तयार गरिएको पाना-.... (   ) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १९ (१) वमोजिम ३५ दिन भित्र असूल फछ्र्यौट भएको प्रमाण वा बेरुजु कायम गर्न नपर्ने कुनै कारण भए प्रमाण सहितको जबाफ पठाउन हुन अनुरोध गर्दछु । समयमा फछ्र्यौटको प्रमाण वा जबाफ प्राप्त नभएमा संलग्न व्यहोरा महालेखा परीक्षकको बार्षिक (अन्तिम) प्रतिवेदनमा समावेश गरिने व्यहोरा समेत निर्देशानुसार जानकारी गराउँदछु ।

भवदीय

(महेश पौड्याल)
निर्देशक

**<u>बोधार्थ तथा कार्यार्थ</u>**

श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं : प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
पांचथर : प्रतिवेदन संलग्न छ ।

श्री आन्तरिक लेखापरीक्षण शाखा
जिल्ला विकास समितिको कार्यालय, पांचथर : प्रतिवेदन संलग्न छ ।

# लेखापरीक्षणको प्रारम्भिक प्रतिबेदन

कार्यालयको नाम : जिल्ला विकास समितिको कार्यालय, पांचथर ।
आ.व. :२०७१/७२

कार्यालय प्रमुख : स्था.वि.अ. श्री तुलसी बहादुर श्रेष्ठ
लेखा प्रमुख : लेखापाल श्री सुजेन हाङ नेम्बाङ

## आर्थिक कारोवारको संक्षिप्त स्थिति:

### जि.वि.स.कोष तथा केन्द्रीय स्तर :

| कार्यालय | गतवर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी | खर्च | वाँकी |
|---|---|---|---|---|---|
| जिल्ला विकास समिति | २१६१९३०२।११ | ३३५३१९५६८।०३ | ३५६९३८८७०।१४ | ३३८७९५६९५।०० | १८१४३१७५।१४ |
| जिल्ला उर्जा विकास | ३३६६२३७।६१ | १४२३८६७९।७३ | १७६०४९१७।३४ | ७३८४९४३।०० | १०२१९९७४।३४ |

### राजश्वतर्फ :

| राजश्व शिर्षक | असूली | दाखीला | बाँकी |
|---|---|---|---|
| विभिन्न | १३०१९२७३० | १३०१९२७३० | ।०० |

१. परिचय : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३ (२) वमोजिम जिल्ला विकास समिति पाँचथरको आर्थिक वर्ष २०७०/७१ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ ।

२. *संक्षिप्त आय व्यय विवरण : एकिकृत आर्थिक विवरण (आय-व्यय)*

## आ.व.२०७१/७२ को वार्षिक एकिकृत आयव्यय विवरण

| l;=g=+ | o; jif{sf] cfo | | | o; jif{sf] vr{ | | |
|---|---|---|---|---|---|---|
| 1 | **ut cf=j=sf] lhDd]jf/L** | | 21619302.11 | **1_ lh=lj=;=sf]if tkm{** | | 17943560.00 |
| | s_ lh=lj=;=sf]if tkm{ | 13414520.88 | | s_ rfn' tkm{ | 2446339.00 | |
| | ख) कर्मचारी कल्याण कोष ग ५-१-२३ | 624715.71 | | v_ k"hLut tkm{ | 15497221.00 | |
| | ग) धरौटी ग ३–१ | 2525949.04 | | **2_ g]kfn ;/sf/sf] cg'bfg** | | 115247323.00 |
| | घ) सिम एन.कोष ४१५१ | 1384036.48 | | s_ lh=lj=;=cg'bfg rfn'÷k"hLut | 40247323.00 | |
| | ङ) विशेष कोष स्थापना (छ) | 2609400.00 | | v_ uf=lj=;=cg'bfg rfn'÷k"hLut tkm{ | 75000000.00 | |
| | च) युनिसेफ फण्ड ग ४–५–१ | 768675.00 | | **3_ cGo >f]t tkm{** | | 11977136.00 |
| | छ) सडक बोर्ड | 65367.00 | | s_ o'lg;]km km)* | 768675.00 | |
| | ज) युनिसेफ जि.वि.स. ग ५–८–१ | 226638.00 | | ख) युनिसेफ कार्यक्रम | 226638.00 | |
| 2 | **g]kfn ;/sf/sf] cg'bfg** | | 115247323.00 | ग) कर्मचारी कल्याण कोष | 3045135.00 | |
| | s_ lh=lj=;=cg'bfgrfn'÷k"hLut | 40247323.00 | | च) सडक बोर्ड | 3013499.00 | |
| | u_ uf=lj=;=cg'bfg rfn'÷k"hLut | 75000000.00 | | छ) विशेष कोष | 1957916.00 | |
| 3 | **आन्तरिक श्रोत तर्फ** | | 14166236.00 | h_ l;dPg sf]if | 2715273.00 | |
| | s{ s/,b:t'/,;]jf z'Ns,ef*f | 8669868.00 | | झ) उपेक्षित उत्पीडीत ड्राफ्ट | 250000.00 | |
| | v_ /fhZj af+*kmf+* | 5496368.00 | | **4_ w/f}^L** | 3189510.00 | 3189510.00 |
| 4 | **अन्य श्रोत तर्फ** | | 11675615.03 | **5_ s]lGb\|o jh]^sf] vr{** | | 190438166.00 |
| | क) कर्मचारी कल्याण कोष | 2800000.00 | | ग्रा.खा.पा.चालु | 822763.00 | |
| | ख) झो.पु.म्याचफण्ड (गा.वि.स.) | 0.00 | | ग्रा.खा.पा.पूजीगत | 5668347.00 | |
| | ग) सिम.एन.कोष | 1691067.03 | | स्थानीय निकाय वित्तिय आयोग | 313000.00 | |
| | घ) विशेष कोष | 1925000.00 | | बौद्धदर्शन प्रवर्धन तथा गुम्वा वि. | 200000.00 | |
| | ङ) सडक बोर्ड | 3009548.00 | | आदिवासी जनजाती उत्थान प्रतिष्ठान | 200000.00 | |
| | च) उपेक्षित उत्पीडीत ड्राफ्ट | 250000.00 | | राष्ट्रिय युवा परिचालन | 680000.00 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | छ) युनिसेफ फण्ड | 2000000.00 | | उपेक्षित उत्पीडीत दलित वर्ग उत्थान | 275000.00 | |
| 5 | **धरौटी** | 3792228.00 | 3792228.00 | स्थानीय शान्ति समिति | 836000.00 | |
| 6 | **केन्द्रिय वजेटको निकासा** | | 190438166.00 | रोयल्ट व्यवस्थानि तथा वितरण | 678500.00 | |
| | ग्रा.खा.पा.चालु | 822763.00 | | भ्कोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | 10759702.00 | |
| | ग्रा.खा.पा.पूजीगत | 5668347.00 | | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत | 20624993.00 | |
| | स्थानीय निकाय वित्तिय आयोग | 313000.00 | | साना सिचाई नदी नियन्त्रण | 9582727.00 | |
| | बौद्धदर्शन प्रवर्धन तथा गुम्वा वि. | 200000.00 | | एल.जि.सी.डी.पी. चालु | 18779322.00 | |
| | आदिवासी जनजाती उत्थान प्रतिष्ठान | 200000.00 | | ज्येष्ठ नागरिक एकल महिला विधवा | 85735200.00 | |
| | राष्ट्रिय युवा परिचालन | 680000.00 | | संष्कृति प्रवर्धन | 900000.00 | |
| | उपेक्षित उत्पीडीत दलित वर्ग उत्थान | 275000.00 | | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने | 6025267.00 | |
| | स्थानीय शान्ति समिति | 836000.00 | | एल.जि.सी.डी.पी. पूजीगत | 380000.00 | |
| | रोयल्ट व्यवस्थानि तथा वितरण | 678500.00 | | गरीवसंग विश्वेश्वर | 536000.00 | |
| | भ्कोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | 10759702.00 | | स्थानीय स्तरका सडक पुल | 2500000.00 | |
| | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत | 20624993.00 | | निर्वाचन क्षेत्र विकास कार्यक्रम | 24941345.00 | |
| | साना सिचाई नदी नियन्त्रण | 9582727.00 | | **छ) आगामी वर्षको लागी जिम्मेवारी** | | 18143175.14 |
| | एल.जि.सी.डी.पी. चालु | 18779322.00 | | 1_ lh=lj=;=sf]lif | | |
| | ज्येष्ठ नागरिक एकल महिला विधवा | 85735200.00 | | क) आन्तरिक आय ग ४-३-१ | 7694178.84 | |
| | संष्कृति प्रवर्धन | 900000.00 | | ख) राजश्व बाँडफाँड ग ४-४-१ | 1943018.04 | |
| | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने | 6025267.00 | | २) कर्मचारी कल्याण कोष ग ५-१-२३ | 379580.71 | |
| | एल.जि.सी.डी.पी. पूजीगत | 380000.00 | | ३) धरौटी ग ३–१ | 3128667.04 | |
| | गरीवसंग विश्वेश्वर | 536000.00 | | ४) सिम एन.कोष ४१५१ | 359830.51 | |
| | स्थानीय स्तरका सडक पुल | 2500000.00 | | ५) विशेष कोष स्थापना (६ वटा) | 2576484.00 | |
| | निर्वाचन क्षेत्र विकास कार्यक्रम | 24941345.00 | | ६) युनिसेफ फण्ड ग ४–५–१ | 2000000.00 | |
| | | | | ९) सडक बोर्ड ग ४–४–१ | 61416.00 | |
| | **जम्मा** | 356938870.14 | 356938870.14 | | 356938870.14 | 356938870.14 |

**नोट :**

२.१ विकेन्द्रित कार्यक्रम अनुसार जिल्लास्थित विभिन्न कार्यालयलाई निकासा दिएको रकम यसमा समावेश छैन ।

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| 1 | | उपरोक्त बमोजिमको आर्थिक कारोबारको लागि स्वीकृत बिस्तृत लेखापरीक्षण योजना अनुसार जोखिमको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरीएको छ । लेखापरीक्षण बाट देखिएका ब्यहोरा उपर मिति २०७२।०५। मा व्यवस्थापन सँग छलफल गरी यो प्रतिबेदन तयार गरिएको छ । लेखापरिक्षण प्रतिबेदनमा औँल्याइएका ब्यहोराले निर्देश गरेको बाहेक आर्थिक बिबरण मार्फत प्रस्तुत आर्थिक कारोबारले यस कार्यालयको बिनियोजन, राजस्व र धरौटी हिसाबको यथार्थ चित्रण गर्दछ । लेखापरीक्षण बाट देखिएका ब्यहोरा निम्नानुसार प्रस्तुत गरिएको छ । | | | |
| 2 | | **पेश्की जिम्मेवारी सम्बन्धमा** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की जिम्मेवारी सारी प्रमाणित गर्नु पर्ने र यसरी सारिएको पेश्की रकम यस नियमावली बमोजिम फछ्र्यौट गर्नु पर्ने भन्ने उल्लेख छ । कार्यालयबाट उपलब्ध गराइएको जि.वि.स.कोषको आर्थिक वर्ष २०७१।७२ को एकिकृत पेश्की विवरण अुनसार गत वर्षसम्म बाँकी रहेको पेश्की रु.४७३७३३७/- मध्ये यस वर्ष रु ३५०००।- फछ्र्यौट भई रु.४७०२३३७/- बाँकी रहेकोमा यो वर्षको रु.३५००००।- थप भई रु.५०,५२,३३७- पेश्की बाँकी रहेको विवरण प्राप्त भएको छ । | | | |
| 3 | | **आन्तरिक लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३२ (१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८ (क) मा आय व्यय र धरौटीको स्रेस्ताको मासिक रुपमा लेखापरिक्षण गर्नुपर्ने उल्लेख छ । यस जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाले चौमासिकरुपमा आन्तरिक लेखापरीक्षण गरेको छ । जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षकले गाविस र विकेन्द्रीत कार्यालयको समेत आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र समयमै लेखापरीक्षण गर्न नसक्नु, आ.ले.प.का कर्मचारीलाई प्रभावकारी तालिमको व्यवस्था हुन नसक्नु जस्ता कारण रहेको देखिन्छ । आन्तरिक लेखा परीक्षकले प्रभावकारी लेखापरीक्षण गरी सोको प्रतिवेदन समयमै दिन नसक्दा आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन नसक्ने हुन्छ । नियमको प्रावधान अनुरुप लेखापरीक्षण गर्ने, सोको प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमि कमजोरीहरुलाई सुधार गर्नेतर्फ आन्तरिक लेखा परीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ । | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>4</td><td></td><td>अनुगमन प्रतिवेदन : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि ,२०६९ को ३४(१) मा स्थानीय निकायले आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समिक्षा सहितको विवरण परिषदमा छलफल गराई सोको प्रतिवेदन गाउँ विकास समितिले जिल्ला विकास समितिमा र नगरपालिका र जिल्ला विकास समितिले मन्त्रालयमा पठाउनुपर्ने उल्लेख छ । यस कार्यालयबाट सो अनुरुपको अनुगमन तथा प्रगति प्रतिवेदन परिषदमा छलफल गराएको देखिएन । यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>5</td><td></td><td>जिन्सी व्यवस्थापन : स्थानीय निकाय आर्थिक नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको माल सामान के कस्तो आवस्थामा छ, अधिकार प्राप्त अधिकारीले एक वर्षमा कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारीले बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्वारा निरिक्षण गरी वा गर्न लगाई प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मुल्य र विवरण खुलाई आम्दानी बाँध्नु पर्ने हुन्छ । यसै गरि निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम विक्रि गर्नुपर्ने मालसामान ६ महिना भित्र मर्मत संभार गर्नुपर्ने भए सोको लागि बजेट व्यवस्थापन गरि ३ महिना भित्र गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयको आर्थिक वर्ष ०७१/७२ को जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भएअनुरुप तथा कार्यालयले उपलब्ध गराएको बेचल्तीको सम्पत्तीको विवरण अनुसूचि १९मा उल्लेख भए अनुसार निम्न सामान लिलाम विक्रि गर्नु पर्ने उल्लेख भएको देखिन्छ । लिलाम विक्रि गर्नु पर्ने सामान समयमै लिलाम विक्रि भएमा कार्यालयलाई राजश्व रकम समयमै प्राप्त हुने हुँदा यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।
<table>
<tr><th>सि.नं</th><th>जिन्सी सामान</th><th>मौज्दात</th><th>लिलाम गर्नुपर्ने सं.</th></tr>
<tr><td>१</td><td>मे १ च ३३३ नं. गाडी</td><td>|</td><td>१</td></tr>
<tr><td>२</td><td>मोटर साइकल ४२११</td><td>|</td><td>१</td></tr>
<tr><td>३</td><td>मोटर साइकल ४११०</td><td>|</td><td>१</td></tr>
<tr><td>४</td><td>वि.टि.डी. ट्रयाक डोजर</td><td>|</td><td>१</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>6</td><td></td><td>तेस्रो चौमासिक तथा आषाढ महिनाको खर्च : अर्थ मन्त्रालयको नीतिगत परिपत्र अनुसार तेस्रो चौमासिक कुल वार्षिक बजेटको ४०% र असार महिनामा २०% भन्दा बढी खर्च गर्न नहुने उल्लेख छ । कार्यालयले संचालन गर्ने बिभिन्न पुजिगत कार्यक्रमको चौमासिक कार्य तालिका बनाई सोही अनुरुप कार्य संचालन र खर्च गर्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयको</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|

केन्द्रीय बजेट शीर्षकको तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको स्थिति देहाय अनुसार छ। तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा खर्चको सहीरुपमा सदुपयोग नहुनु, जथाभावी खर्च हुने, अनुगमन, सुपरभिजन हुन कठीनाई हुने र गुणस्तरमा प्रभाव पर्ने हुँदा आर्थिक वर्षको अन्त्यमा ठूलो परिमाणमा खर्च गर्ने तर्फ नियन्त्रण गरी समयमै खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ। रु हजारमा )

| सि. नं | ब.उ.शि.नं. | कार्यक्रम | कूल खर्च | कुल खर्च मध्ये | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिकमा खर्च | |
| १ | ३३७१०७४ | आर्थिक केन्द्र ..... | 6025 | - | - | 6025 | 6025 |
| २ | ३६५१०१४ | बौद दर्शन गुम्बा | 200 | - | 144 | 56 | 56 |
| ३ | ३६५८०४४ | ग्रामीण खानेपानी | 5668 | - | 536 | 5132 | 4266 |
| ४ | ३६५८०८४ | स्थानीय यातायात पूर्वाधार | 20625 | - | 1772 | 18853 | 14325 |
| ५ | ३६५८०९४ | भ्मो.पु. | 10760 | - | 1750 | 9009 | 2331 |
| ६ | ३६५८१९४ | एल.जी.सि.डी.पी | 380 | - | 200 | 180 | 180 |
| ७ | ३६५८३१४ | स्थानीय स्तरका सडक पुल | 2500 | - | - | 2500 | 2410 |
| ८ | ३६५८३७४ | साना सिचाई | 9583 | - | 107 | 9476 | 6273 |
| | | कुल जम्मा | 55741 | | 4509 | 51231 | 35866 |

7 **रु ५ लाख भन्दा घटीका योजना छनौट गरेको :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ (२) मा आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट गाउँ विकास समितिले २ लाख नगरपालिकाले ५ लाख उप महानगर पालिकाले ७ लाख र महानगरपालिकाले दश लाख तथा जिल्ला विकास समितिले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न सक्ने छैनन भन्ने उल्लेख छ। यस कार्यालयले यो वर्ष देहाय अनुसारका रु ५ लाख भन्दा घटीका योजना छनौट गरेको देखियो। स-साना धेरै योजना छनौट गर्दा सुपरभिजनमा कठीनाई हुने हुँदा योजना नहुने तथा छिट्टै प्रतिफल हासिल नहुने हुँदा निर्देशिका अनुरुप योजना छनौट गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ। यसका उदाहरणहरु निम्नानुसार रहेका छन्।

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th>कार्यक्रम</th><th>योजना संख्या</th><th>संझौता रकम</th></tr>
<tr><td>जि.वि.स.पुजिगत अनुदान</td><td>६</td><td>1418116.00</td></tr>
<tr><td>साना सिचाई नदी नियन्त्रण</td><td>2</td><td>200000.00</td></tr>
<tr><td>संस्कृति प्रवर्द्धन कार्यक्रम</td><td>५</td><td>768000.00</td></tr>
<tr><td>झो.पु.</td><td>३</td><td>352000.00</td></tr>
<tr><td>ग्रा.खा.पा.</td><td>२</td><td>500000.00</td></tr>
<tr><td>जि.वि.स. कोष पुजिगत</td><td>७</td><td>800000.00</td></tr>
<tr><td>सडक मर्मत सुधार</td><td>५</td><td>1100000.00</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>8</td><td></td><td>गा.वि.स.हरुको मौज्दात रहेको अनुदान रकम : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७(१) क, ख र ग मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाउँ विकास समितिमा निकासा भएको सबै निशर्त तथा सशर्त पुँजीगत तथा चालु अनुदानबाट भुक्तानी दिनु पर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नु पर्नेछ र आर्थिक कारोबार बन्द गरेपछि बाँकी रहेको रकम स्थानीय निकायको मुल खातामा फिर्ता गर्नुपर्नेछ भन्ने उल्लेख छ । यसरी फिर्ता प्राप्त भएको रकम मध्ये फ्रिज गर्नुपर्ने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्ने उल्लेख छ । यो वर्ष जिल्लाका ३८ गाउँ विकास समितिलाई निशर्त अनुदान चालु तर्फ रु.१,६८,१७,०००।- र पुँजीगत तर्फ रु.५,८१,८३,०००।- समेत जम्मा रु.७,५०,००,०००।- अनुदान खर्च उपलब्ध गराएको देखिन्छ । अनुदान उपलब्ध गराएको रकम मध्ये कतिपय गाउँ विकास समितिमा पुँजीगत तर्फ पहिलो, दोस्रो र अन्तिम किस्ता आषाढमा उपलब्ध गराएको गाउँ विकास समितिलाई अनुदान दिएको रकम मध्ये खर्च भई वचत रहेको रकमको अभिलेख गाउँ विकास समितिबाट उपलब्ध नगराएको र जिल्ला विकास समितिले अनुगमन गरी यथार्थ विवरण तयार गरेको देखिएन । यो वर्ष नाङगीन गा.वि.स.ले निकासा भएको रकम मध्ये खर्च भइ बचत रहेको रु.२५३२५।०० बेरुजु खातामा दाखिला गरेको देखिन्छ । बाँकी ३७ वटा गा.वि.स. हरुको नेपाल सरकारको निकासा बचत बाँकी नरहेको फाँटबारी पेश भएकाले रकम फ्रिज भएको छैन ।</td><td></td><td></td><td></td></tr>
<tr><td>9</td><td></td><td>भत्ता : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को नियम २५० (३) मा स्थानीय निकायले आफ्नो श्रोत साधन र प्रशासनिक बजेटको परिधि भित्र रहि आफ्ना कर्मचारीलाई स्थानीय भत्ता एवं अन्य थप सुविधा दिन सक्ने र स्थानीय स्वायत्त शासन नियमावली २०५६ को निमय २५७ मा स्थानीय निकायमा कर्मचारीहरुले पाउने पारीश्रमिक भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारको निजामति कर्मचारीले पाउने तलव भत्ता र सुविधालाई आधार मान्नुपर्ने व्यवस्था छ । यो वर्ष</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>कार्यालयले निम्नानुसार भत्ता खर्च लेखेकोमा आधार स्पष्ट नगरेको ।
<table>
<tr><th>सि.नं.</th><th>भत्ता खर्च विवरण</th><th>कर्मचारी संख्या</th><th>वार्षिक खर्च</th></tr>
<tr><td>1</td><td>खाजा भत्ता</td><td>30</td><td>540000.00</td></tr>
<tr><td>2</td><td>प्राविधिकहरुको फिल्ड भत्ता</td><td>12</td><td>390000.00</td></tr>
<tr><td></td><td>जम्मा</td><td>42</td><td>930000.00</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>10</td><td></td><td>अग्रीम कर कट्टी र दाखिला : आयकर ऐन २०५८ को दफा ८९ अनुसार ब्याज प्राकृतिक श्रोत, रोयल्टी, सेवा शुल्क, कमिशन बिक्रि वोनसको भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारको श्रेस्ताहरु परिक्षण गर्दा कर कट्टा नगरेको देखिएकाले कर रकम असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>भौ.नं र मिति</th><th>भुक्तानी पाउनको नाम</th><th>भुक्तानी रकम</th><th>छुट कर रकम</th></tr>
<tr><td>3658094</td><td>4/071/6/12</td><td>सिरिजंगा ग्रामिण विकास केन्द्र, पाँचथर</td><td>208400.00</td><td>31,260.00</td></tr>
<tr><td rowspan="2">3658013</td><td>22/071/10/9</td><td>सिरिजंगा ग्रामिण विकास केन्द्र, पाँचथर</td><td>170283.00</td><td>25542.45</td></tr>
<tr><td>149/071/3/24</td><td>सिरिजंगा ग्रामिण विकास केन्द्र, पाँचथर</td><td>221317.00</td><td>33197.55</td></tr>
<tr><td>lhNnf phf+ zfvf</td><td>4/071/5/26</td><td>वैकल्पिक उर्जा विकास केन्द्र नेपाल, पाँचथर</td><td>199800.00</td><td>29979.00</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>799800.00</td><td>119,979.00</td></tr>
</table></td><td>१,१९,९७९।००</td><td></td><td></td></tr>
<tr><td>11</td><td></td><td>दरबन्दी र पदपूर्ति : कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस जिल्ला विकास समितिको कार्यालयमा स्वीकृत दरबन्दी निजामती तर्फ ४१ र विकास तर्फ २६ जना गरी जम्मा ६७ जना रहेकोमा निजामती तर्फ ३६ जना र विकास तर्फ २० जना गरी जम्मा ५६ जना पदपूर्ती भई दुवै तर्फ गरी ११ जनाको दरबन्दी रिक्त रहेको देखिन्छ । यसरी स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नहुँदा तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गर्न कठिन पर्ने हुन्छ । दरबन्दी अनुरुप पदपूर्ति गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| 12 | | **लक्ष्य प्रगति :-** विभिन्न संचालित कार्यक्रमको लागि तोकिए अनुरुपको रकम खर्च गरि लक्षित उद्देश्य हासिल हुनुपर्दछ । रानीगाउँ वनथाक हाङठुवा खमारे सडक, बालबालिकाको रणनैतिक योजना निर्माण, बालमैत्री व्यवहार आचार संहिता निर्माण, बाल सञ्जालका पदाधिकारीहरुको क्षमता निर्माण र कर्मचारी क्षमता विकास ५(पाँच) वटा कार्यक्रमहरुको प्रगति शुन्य रहेको पाइयो । त्यस्तै जोरपोखरी थलाजुङ कुटीडाँडा सडक र सुभाङ सालबोटे सिवुवा पंचमी पिनासी सडक २(दुई) वटा कार्यक्रमको प्रगति पचास प्रतिशत सम्म रहेको पाइयो । यी कार्यक्रहरुमा लक्ष्य बमोजिम प्रगति घटीरहेकोले लक्ष्य बमोजिम प्रगति हासिल गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्छ । | | | |
| | **३६५८०४४ (ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम)** | | | | |
| 13 | | यस कार्यक्रमको लागि शुरुमा २३ लाख २० हजार बजेट व्यवस्था भएकोमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७२/०१/०८ को थप अख्तियारी अनुसार रु ३५ लाख बजेट थप भएकोमा ४८४७३ मीटर मूल्य रु २४,३०,६९४/- को एच.डी.पी. पाइप खरिद भएको पाइयो । सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।<br>(क) एच.डी.पी. पाइप योजनाको लागि आवश्यक मात्र खरिद गर्नुपर्छ । खरिद भएको ४८४७३ मिटर मध्ये २८२६८ मिटर उपयोग भई २८७६० पाइप प्रयोग नभई माज्दात राखेको पाइयो । धेरै परिमाण पाइप मौज्दातमा राखेको पाइएकोले मौज्दातमा राख्ने उद्देश्यले पाइप खरिद भएको देखिन्छ । खर्च भएको सवै पाइप उपभोक्ता समितिको अध्यक्षलाई हस्तान्तरण भएको पाइयो । हस्तान्तरण भएको पाइप योजनामा जडान भएको पाइएन । उदाहरणको लागि लख्वा मौवा खानेपानी योजनाको उपभोक्ता समितिको अध्यक्षलाई ३३६५ मिटर पाइप हस्तान्तरण भएकोमा उक्त पाइप योजनामा जडान भएको पाइएन । प्राङबुङ खानेपानी योजनाको उपभोक्ता सामितिलाई १८०० मिटर हस्तान्तरण भएकोमा मात्र जडान भएको छ । समितिलाई हस्तानतरण भएको अधिकांश पाइप योजनामा जडान भएको नपाइएकोले योजनाको उपादेयता सम्बन्धमा जोखिम रहेको छ । यस सम्बनधमा कार्यालयको ध्यान जानुपर्छ । एच.डी.पी.पाइपको खरिद तथा उपयोगको स्थिति निम्नानुसार रहेको छ । | | | |

| गत वर्ष सम्मको मौज्दात | | यो वर्ष खरिद | | उपयोग | | मौज्दात | |
|---|---|---|---|---|---|---|---|
| परिमाण | मूल्य रु | परिमाण | मूल्य रु | परिमाण | मूल्य रु | परिमाण | मूल्य रु |
| 8555 | 137488/- | 48473 | 2430694/- | 28268 | 1477350/- | 28760 | 1090832/- |

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| | ३६५८३१४ (स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार कार्यक्रम) | | | | |
| 14 | | प्राङबुङ १ लुदिनटार मुवाखोला ठे.नं. NCB/014/071/72 मोटरेवल आर.सी.सी.पुल निर्माण गर्न कमदरको निर्माण व्यवसायी एम.एस.खनाल / वाइ पी.आर जेभी सँग सम्झौता मितिले डेढ वर्ष भित्र सम्पन्न गर्ने गरि २०७२ आषाढ २४ मा रु १,६०,७७,८०८/३७ (मु.अ.कर समेत ) संझौता भएको पाइयो । सो सम्बन्धमा निम्न व्यहोरा देखियो ।<br><br>(क) निर्माण व्यवसायी सँगको सम्झौताको GCC 48.1 मा संझौताको २०% (प्रतिशत) भ्याट र पि.एस.बाहेक दुई किस्तामा १०/१० प्रतिशत एडभान्स ग्यारेन्टी र वीमा प्रमाणको आधारमा मोविलाइजेशन पेश्की दिने उल्लेख छ । उक्त सम्झौता अनुसार निर्माण व्यवसायीलाई मु.अ.कर र पी.एस. बाहेक सँझौता रु १,३३,६२,३४१/- को १० प्रतिशत पहिलो किस्ता रु १३३६२३४/१० र दोस्रो किस्ता बैंक ग्यारेन्टी , बीमा प्रमाण पेश भएपछि १० प्रतिशत रु १३३६२३४/१० जम्मा रु २६७२४६८/२० मोविलाईजेशन पेश्की दिनुपर्नेमा दुई किस्तामा नदिई एकै किस्तामा बीमा प्रमाण बेगर बैंक ग्यारेन्टीको आधारमा रु २६,५०,०००/- मोविलाइजेशन पेश्की दिएको पाइयो । सम्झौता अनुसार दुई किस्तामा गरि दिनुपर्नेमा एकै किस्तामा पेश्की दिएको र बीमाको प्रमाण बेगर पेश्की दिएको पाइएकोले कानुन सम्मत पेश्की दिएको नपाइएको रु<br><br>(ख) बीड डकुमेन्ट पेश हुँदा Quality assurance plan पेश हुनुपर्दछ । पुल निर्माणको विड डकुमेन्ट पेश हुँदा Quality assurance plan पेश भएको पाइएन । कार्यालयबाट २०७२/०४/१२ मा Quality assurance plan पेश गर्न पत्राचार गरेकोमा लेखापरिक्षण अवधिसम्म पनि पेश भएको छैन । गुणस्तर अश्वस्थता योजना वेगर पुल निर्माणको संझौता गर्नु र पुल निर्माणको लागि पेश्की दिनु उचित होइन ।<br><br>(ग) स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६४ (४) मा सिमेन्ट, फलामे डन्डी, मेशिन, उपकरण, कामदारको ज्याला जिल्लाको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्छ । पुल निर्माणको लागत अनुमान तयार गरेकोमा पुल निर्माणसँग असम्बन्धित इन्जिनियर्स फेसिलिटी रु ८०,०००/- र भैइकल खर्च १८ महिनाको रु | २६,५०,०००।०० | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>१,८०,०००/- समावेश गरी सम्झौता भएको पाइयो । पुल निर्माणसँग असम्बन्धित भेइकल खर्च र इन्जिनियर्स फेसिलिटिमा विल अफ क्वान्टीटीमा समावेश गरेको पाइएकोले पुलको लागतमा बृद्धि हुन गएको छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="3">३६५८०९४ (झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम)</td><td></td><td></td></tr>
<tr><td>15</td><td></td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ (१) मा खरिद संझौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र निर्माण भए बमोजिमको नक्सा (एज विल्ट) स्थानीय निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष निम्न झोलुङ्गे पुल निर्माणको काम सम्पन्न भएकोमा एज विल्ट पेश भएको पाइएन । एज विल्ट पेश नभएबाट पुलको डिजाइन स्फेशिफिकेशन बमोजिम निर्माण सम्पन्न भएको एकीन गर्ने आधार भएन । कार्यालयले पुलको एजविल्ट पेश गराउनेलाई ध्यान दिनुपर्छ ।
<table>
<tr><th>सि.नं.</th><th>झोलुङ्गे पुलको नाम</th><th>कार्यसम्पन्न प्रतिवेदन अनुसार कुल लागत रकम</th></tr>
<tr><td>(क)</td><td>सपुते झो.पू.</td><td>441522/-</td></tr>
<tr><td>(ख)</td><td>तितेनी ट्रस पुल</td><td>348678/-</td></tr>
<tr><td>(ग)</td><td>नसुवा दोभान झो.पु.</td><td>647115/-</td></tr>
</table>
उपभोक्ता समिति मार्फत ढुङ्गा,गीटी बालुवा जम्मा गरेको र खन्ने पुर्ने कामको मूल्य मात्र पुलको कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरेको पाईयो । पुलको फेव्रिकेशन,स्टील पार्टस, पुलको लठ्ठा र सिमेन्टको मूल्य कार्यसम्पन्न प्रतिवेदनमा देखाएको पाइएन । एउटा झोलुङ्गे पुलको लागत अनुमान १६ लाख रहेकोमा लागत अनुमानमा उल्लेख भए बमोजिम प्रत्येक आइटमको खर्च कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख गरेबाट पुलको वास्तविक लागत यकिन हुन सकेन । साथै सवै आइटमको खर्च नदेखाएको हुँदा लागत र वास्तविक खर्च बीच भिडान गर्न सकिएन । यसबाट संझौता अनुसार काम नहुने संभावना रहेकोले सो तर्फ समेत कार्यालको ध्यान जानु जरुरी छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>16</td><td></td><td>जि.वि.स. कोष (पुजिगत) स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १३(१) (ग) मा पुजिगत तर्फको रकम सापटी लिई चालु शिर्षकमा वा चालु प्रकृतिको कार्यमा खर्च गर्न नपाउने व्यवसथा छ । यस शिर्षकबाट कर्मचारी कल्याण कोष मा रु ८,००,०००/- ट्रान्स्फर गरी खर्च गरेको पाइयो । पूजिगत रकम चालु प्रकृतिको कार्यमा खर्च गर्न नपाउने</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फर्छ्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| | | कार्यविधिमा व्यवस्था भएकोले सो विपरित खर्च भएको कानुन सम्मत नदेखिएको रकम रु | 8,00,000/- | | |
| 17 | 126/072/03/31 | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) मा कनै रकमको भूक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । फलफुल तथा विरुवा खरिद गर्न ना.प्रा.स.नरहरी निरौलाको पेश्की रु ५,००,०००/- आर्थिक वर्षको अन्त्य २०७२/०३/३१ मा फर्छ्यौट गरेको पाइयो । विभिन्न सेवा केन्द्रमार्फत १८५७० विरुवा खरिद गरी वितरण गरेको उल्लेख गरेकोमा कृषकहरुले बुझेको भर्पाईमा विरुवा वितरण गरेको मिति उल्लेख भएको पाइएन । कृषकलाई वितरण गरेको विरुवा अनुगमन कार्यालयबाट भएको पनि पाइएन । यसबाट उक्त फलफूल विरुवा रोपण कार्यक्रमको उपलब्धि सम्बन्धमा मूल्याङ्कन गर्न सकिएन । | | | |
| | ब.उ.शि.नं. ३६५८०८४ (स्थानीय यातायत पूर्वाधार क्षेत्रगत कार्यक्रम) | | | | |
| 18 | 62/072/3/25 | **मू.अ. कर समायोजन :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई तोके बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने व्यवस्था छ । तर निर्माण व्ययवसायी कमल कन्स्ट्रक्सनलाई २०७२।३।२५ मा फिदिम रानिगाँउ यासोक माङजाबुङ आङना मौवा खण्ड सडक निर्माण गर्दा मू.अ.क. बिल बेगर भुक्तानी भएको छ । लेखापरीक्षणको क्रममा निज निर्माण व्यावसायीले विल बिजक पूरानो मिति राखी जारी गरेको पाईयो । अतः निज निर्माण व्यावसायीले जारी गरेको बिजक नं. २१४ मिति २०७२।३।२५ बाट भुक्तानी लिएको मू.अ.कर रकम रु.२,२२,८५९।०० को मू.अ.कर समायोजनको पत्र पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल गरी राजस्व दाखिला हुनुपर्ने रु. | २,२२,८५९।०० | | |
| | ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रम) | | | | |
| 19 | | **पेश्की बाँकी :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को दफा १३ को उपदफा ७ बमोजिम गा.वि.स.र न.पा.ले सामाजिक सुरक्षा भत्ता भर्पाई अनुसार २१ गते भित्र जि.वि.स.मा पेश्की फर्छ्यौटको लागि पेश गर्नुपर्नेछ र जि.वि.स.ले असार २६ गते भित्र पेश्की फर्छ्यौट गरिसक्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय पाँचथरले आ.व.२०७१/७२ का तपशिलमा उल्लेखित गा.वि.स.हरुलाई उपलब्ध गराएको पेश्की रकम फर्छ्यौट गराएको पाइएन । कार्यक्रम संचालन कार्यविधि अनुसार पेश्की फर्छ्यौट गर्न बाँकी रहेको रकम रु. | ४८,२०,४००।०० | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ.नं.र मिति</th><th>गा.वि.स.</th><th>रकम</th></tr>
<tr><td>1</td><td></td><td>रानीगाउँ</td><td>16,26,400.00</td></tr>
<tr><td>2</td><td></td><td>याङनाम</td><td>7,86,000.00</td></tr>
<tr><td>3</td><td></td><td>पंचमी</td><td>6,26,800.00</td></tr>
<tr><td>4</td><td></td><td>भारापा</td><td>8,10,800.00</td></tr>
<tr><td>5</td><td></td><td>रानिटार</td><td>62,400.00</td></tr>
<tr><td>6</td><td></td><td>फिदिम नगरपालिका</td><td>1,74,400.00</td></tr>
<tr><td>7</td><td></td><td>लुङरुपा</td><td>5,80,000.00</td></tr>
<tr><td>8</td><td></td><td>कुरुमबा</td><td>57,200.00</td></tr>
<tr><td>9</td><td></td><td>पौवासारताप</td><td>9600.00</td></tr>
<tr><td>10</td><td></td><td>इम्बुङ</td><td>4000.00</td></tr>
<tr><td>11</td><td></td><td>एकतीन</td><td>32000.00</td></tr>
<tr><td>12</td><td></td><td>चिलिङदीन</td><td>6000.00</td></tr>
<tr><td>13</td><td></td><td>रवि</td><td>38800.00</td></tr>
<tr><td>14</td><td></td><td>आरुबोट</td><td>6000.00</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>4820400.00</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>20</td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को दफा ३ च को ४ मा प्रत्येक गा.वि.स. नगरपालिकाले बालसंरक्षण अनुदान वितरण गर्नको लागि उमेरको गणना गर्दा कुनै बालबालिका कुनै महिनाको १५(पन्ध्र) गते सम्म ५ वर्ष पूरा हुने भए सो महिनाको पुरै रकम प्रदान गर्ने व्यवस्था गरेको छ । पाँचथर जिल्ला विकास समितिको कार्यालय अन्तरगतका तपशिलमा उल्लेखित गा.वि.स.का निम्न गा.वि.स.मा तपसिलका संख्यामा आ.व.२०७१/७२ को प्रथम चौमासिक रकम भूक्तानी गर्दा ५ वर्ष उमेर अवधि भन्दा बढीको भूक्तानी गएको छ । यसरी कार्यालयबाट अवधिभन्दा पछीको भूक्तानी गरेको रकम कार्यविधि अनुसार खर्च नियमित मान्न नसकिएको रकम रु
<table>
<tr><th>सि.नं.</th><th>गा.वि.स.</th><th>वालवालिका संख्या</th><th>रकम</th></tr>
<tr><td>1</td><td>अमरपुर</td><td>5</td><td>3200.00</td></tr>
<tr><td>2</td><td>मौवा</td><td>2</td><td>1400.00</td></tr>
</table>
</td><td>३१,८००।००</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>3</td><td>फलैचा</td><td>4</td><td>3000.00</td></tr>
<tr><td>4</td><td>यासोक</td><td>5</td><td>3400.00</td></tr>
<tr><td>5</td><td>आरुबोटे</td><td>3</td><td>2000.00</td></tr>
<tr><td>6</td><td>रानीटार</td><td>2</td><td>1000.00</td></tr>
<tr><td>7</td><td>रानीगाउँ</td><td>6</td><td>3600.00</td></tr>
<tr><td>8</td><td>दुर्दिम्बा</td><td>2</td><td>1400.00</td></tr>
<tr><td>9</td><td>एकतीन</td><td>3</td><td>2000.00</td></tr>
<tr><td>10</td><td>आङसराङ</td><td>6</td><td>5000.00</td></tr>
<tr><td>11</td><td>हांगुम</td><td>5</td><td>3000.00</td></tr>
<tr><td>12</td><td>सुभाङ</td><td>5</td><td>2000.00</td></tr>
<tr><td>13</td><td>रवि</td><td>1</td><td>800.00</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>31800.00</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>21</td><td></td><td>लगत अद्यावधिक : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को दफा ६ को उपदफा ६ अनुसार आगामी आ.व.मा जि.वि.सले जिल्लाभरको भत्ता/वृत्ति अनुदान सुविधा पाउने लक्षित समूहको प्रत्येक गा.वि.स.र नगरपालिकाको अलग अलग देखिने गरी अनुसूची ८ बमोजिमको एकमुष्ठ विवरण माघ मसान्तभित्र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमामा प्राप्त हुने गरी पठाउनुपर्ने व्यवस्था छ । जि.वि.स.कार्यालय पाँचथरले आ.व. २०७१/७२ को लागि सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण २०७१/१०/२१ गते पठाएको पाईयो । यसरी कार्यालयले समयमा विवरण एकीन गरी नपठाउँदा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को प्रावधान पालना गरेको अवस्था पाइएन यसमा कार्यालयले सुधार गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>22</td><td></td><td>पेश्की सम्बन्धमा : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (१) मा पेश्की लिनु पर्दा कुन कार्यको लागि के कति रकम चाहिने हो सो को विवरण पेश गर्नुपर्ने , नियम १८२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्बन्धित कामको लागि आवश्यक पर्ने भन्दा बढी नहुने गरी पेश्की दिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते स्थायी, अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनु पर्ने, नियम १८२ (३) मा तोकिएको म्याद भित्र तोकिएको कार्याविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की दिने लिने दुवैको कर्तव्य रहने व्यवस्था छ । त्यस्तै नियम १८५ (२) मा पेश्की दिनुपर्ने ठेक्का कवुलियतनामा गर्दा काम तामेल हुनु पर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की वाँकी रहन गएमा त्यस्तो पेश्की</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>रकमको म्याद नाघेको मिति देखि वार्षिक दश प्रतिशतका दरले व्याज र साँवा समेत बुझाउनु पर्ने कुरा कवुलियतनामाको शर्तमा उल्लेख हुनुपर्ने व्यवस्था छ । नियमावलीको प्रावधान पुरा नगरी निम्न संघ संस्था, व्यक्ति, कर्मचारीहरुलाई निम्न वजेट शिर्षकका कार्यक्रमहरुवाट निम्न अनुसार पेश्की दिएको पाइयो । आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई वाँकी रहेको निम्न शिर्षक अर्न्तरगतको पेश्की नियमानुसार फर्छौट हुनु पर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>ब.उ.शि.नं.</th><th>पेश्की दिएको मिति</th><th>पेश्की लिनेको नाम /संस्था</th><th>पेश्की रकम</th><th>पेश्कीको प्रयोजन</th></tr>
<tr><td>१</td><td>जि.वि.स.कोष पुजिगत</td><td>2072/2/27</td><td>कर्मचारी मिलन केन्द्र पाँचथर</td><td>100000.00</td><td>भवन मर्मत सुधार</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>100000.00</td><td></td></tr>
</table></td><td>१,००,०००।००</td><td></td><td></td></tr>
<tr><td>23</td><td></td><td>आन्तिरक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन : कार्यालययको आन्तरिक नियन्त्रण व्यवस्थालाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षणका क्रममा औंल्याईएका व्यहोराहरु उपर प्रभावकारी कार्यान्वयन हुनु पर्दछ । तर आ.ले.प. ले औंल्याएका निम्न व्यहोराहरुको कारबाही हुन बाँकी देखिएकाले यस तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>कर बाहेक असूल हुनुपर्ने रकम</th></tr>
<tr><td>१</td><td>जि.वि.स. कार्यालय पाँचथरको हाता भित्र निर्माण भईरहेको जिल्ला प्राविधिक कार्यालय भवन बनाउन शुरु गर्नु भन्दा अगाडी जि.वि.स.को नाममा रहेको भत्काईएका भवनका सामाग्रीहरुको मूल्यांकन प्रतिवेदनबाट मूल्यांकन गरिएको रु. ३८६५०।०० जि.वि.स. को खातामा जम्मा हुनुपर्ने रकम रु.</td><td>३८,६५०।००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३८,६५०।००</td></tr>
</table></td><td>३८,६५०।००</td><td></td><td></td></tr>
<tr><td>24</td><td></td><td>बेरुजु फर्छ्यौट विवरण : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०६ बमोजिम अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजु असुल फर्छयौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त वेरुजु विवरण अनुसार रु २२२२३३८१/- बेरुजु कायम रहेकोमा रु.१,४९,०५,४००/- अर्थात ६७.०७ प्रतिशत फछ्र्यौट भई रु.७३,१७,९८१/- बाँकी जनाएको छ । बेरुजु फछ्र्यौट हुन नसक्नुमा सम्बन्धित कार्यालयबाट प्रमाण कागजात प्रस्तुत नहनु नै मूख्य कारण रहेको पाइन्छ । यसबाट हरेक वर्ष बेरुजुको परिमाण थप हुदै गई आर्थिक व्यवस्थापन कमजोर हुने सम्भावना रहन्छ । बाँकी बेरुजु रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ । कार्यालयले</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>सम्परीक्षणको लागि रु.४३,२३,०९५।१३ अनुरोध गरेकोमा उक्त रकम सम्परीक्षण गरी सोको जानकारी दिईएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>बजेट उपशिर्षक</th><th>आ.व.</th><th>वेरुजुको दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>3658083</td><td>070/71</td><td>36</td><td>बेरुजु रकम राजस्व दाखिला भई आएको ।</td><td>85,095.13</td></tr>
<tr><td>२</td><td>जि.वि.स. कोष तर्फ</td><td>070/71</td><td>4</td><td>प्रमाण पेश भई फछ्र्यौट ।</td><td>35000.00</td></tr>
<tr><td>३.</td><td>3650153</td><td>070/71</td><td>32</td><td>बिल भर्पाइ र दाखिलाका आधारमा सम्परीक्षण भएको ।</td><td>4203000.00</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>43,23,095.13</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>अन्य ब.उ.शि.नं., राजस्व, धरौटी तथा अन्य आर्थिक कारोबारहरुमा उल्लेखनिय बेरुजु नदेखिएको ।</td><td></td><td></td><td></td></tr>
</table>